नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-५५९ दायर मितिः-२०८१/०२/११**

**फैसला मितिः-२०८१/१२/०५**

| **वादी** | **प्रतिवादीहरु** |
|---|---|
| **पन्नालाल प्रसादको जाहेरीले नेपाल सरकार..........................१** | **जिल्ला बारा निजगढ नगरपालिका वडा नं. ०६ बस्ने पदमहरि तिमल्सिनाको छोरो अं. वर्ष ६० को शिव प्रसाद तिमल्सिना समेत ३ जना ..१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीहरुले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का
३. जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका राकेश सोनी समेतको घटनाविवरण कागज।
४. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
५. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।
६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादीहरू शिव प्रसाद तिमल्सिना, राजन तिमल्सिना र दिपेश कुमार तिमल्सिना समेतले ईन्कारी बयान गरेतापनि, मिति २०८०।११।१३ गते साझ अं. १७:०० बजेको समयमा जिल्ला पर्सा विरगंज महानगरपालिका वडा नं. १२ घरेलु तथा साना उद्योग कार्यालय अगाडी सार्वजनिक सडक बाटोमा प्रतिवादीहरू शिव प्रसाद तिमल्सिना, राजन तिमल्सिना र दिपेश कुमार तिमल्सिना समेतले पुरानो रिसईवी राखी मलाई अश्लिल गाली गलौज तथा हातपात समेत गरेको हुँदा निज प्रतिवादीहरूलाई पक्राउ गरी कानून बमोजिम कारबाही होस् भन्ने समेत व्यहोराको पन्नालाल प्रसादको जाहेरी दरखास्त भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादी शिवप्रसाद तिमल्सिनाको छोरा सन्तोष र जाहेरवाला पन्नालाल प्रसाद विच लेन देन रहेकोमा सोही विषयलाई लिई जाहेरवालालाई प्रतिवादीहरु शिव प्रसाद तिमल्सिना, राजन तिमल्सिना र दिपेश कुमार तिमल्सिना समेतले अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु प्रतिवादीहरू शिव प्रसाद तिमल्सिना, राजन तिमल्सिना र दिपेश कुमार तिमल्सिना समेतलेलाई जनही जरिवाना रु.५०००/- अक्षेरेपी पाँच हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु शिव प्रसाद तिमल्सिना, राजन तिमल्सिना र दिपेश कुमार तिमल्सिना समेतले लाई ठहरेको जरिवाना निजहरुले क्रमशः र.नं.२४४, २४५ र २४६/२०८१/११/०८ बाट दाखिला गरेको जनही धरौटी रकम रु.५०००/- बाट जरिवाना जनही रकम रु.५०००/- कट्टी गर्नु----------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्यादिनु------------------------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ चैत्र महिना ५ गते मंगलवार रोज ३/ ने.सं. ११४५ चिल्लागा चतुर्थी, शुभम् ........